तथ्यपत्र

# विदयतीय प्रेस्क्रिप्शनहरू

## विद्युतीय प्रेस्क्रिप्शन (डाक्टरको निर्देशात्मक औषधी पर्ची) के हो?

विद्युतीय प्रेस्क्रिप्शन कागजी लिपिको डिजिटल संस्करण हो। यी कागजी प्रेस्क्रिप्शनहरूका सुरक्षित र सुविधाजनक विकल्प हुन्। जब तपाईं आफ्नो डाक्टरलाई भेट्नुहुन्छ, तपाईं एक विद्युतीय प्रेस्क्रिप्शन प्राप्त गर्न छनौट गर्न सक्नुहुन्छ जब तपाईंलाई अर्को प्रेस्क्रिप्शन चाहिन्छ।

## विद्युतीय प्रेस्क्रिप्शनका फाइदाहरू के के हुन्?

- कागजी प्रेस्क्रिप्शनहरू बोक्न आवश्यक छैन र यसले लिपिहरू गुमाउने जोखिमलाई कम गर्दछ।
- जहाँ पनि तपाईंसँग इन्टरनेटको पहुँच छ, तपाईंले आफ्नो मोबाइल उपकरणमा तपाईंको विद्युतीय प्रेस्क्रिप्शनहरू पहुँच गर्न सक्नुहुन्छ।
- यदि तपाईं बारम्बार यात्रा गर्नुहुन्छ भने विद्युतीय प्रेस्क्रिप्शनहरू अधिक सुविधाजनक विकल्प हुन्। यदि तपाईं आफ्नो औषधी पसल जान सक्नुहुन्न भने, विद्युतीय प्रेस्क्रिप्शन प्रयोग गरेर तपाईंका औषधीहरू मगाउन सजिलो र छिटो हुन्छ।
- यदि तपाईं टेलिहेल्थ परामर्श लिइरहनुभएको छ भने, तपाईंले तुरुन्तै आफ्नो प्रेस्क्रिप्शन प्राप्त गर्न सक्नुहुन्छ।

## म विद्युतीय प्रेस्क्रिप्शन कसरी प्राप्त गर्न सक्छु?

तपाईंको डाक्टरले तपाईंको मोबाइल फोनमा एसएमएस वा इमेल पठाउनेछन्। यसमा एक अद्वितीय QR बारकोडको लिंक हुनेछ जसलाई 'टोकन' भनिन्छ जसमा तपाईंको प्रेस्क्रिप्शन जानकारी हुन्छ। तपाईंलाई तोकिएको प्रत्येक औषधीको लागि तपाईंले छुट्टै टोकन प्राप्त गर्नुहुनेछ। तपाईंले आफ्नो डाक्टरसँग परामर्श पूरा गर्नु अघि तपाईंले आफ्नो टोकन प्राप्त गर्नुभएको छ कि छैन जाँच गर्नुहोस्।

## म विद्युतीय प्रेस्क्रिप्शन कसरी प्रयोग गर्न सक्छु?

तपाईंले आफ्नो डाक्टरबाट प्राप्त गर्नुभएको सन्देश खोल्नुहोस्। त्यसपछि, सन्देशको लिङ्कमा क्लिक गर्नुहोस्। तपाईंको विद्युतीय प्रेस्क्रिप्शन टोकन स्क्रिनमा प्रदर्शित हुनेछ।

आफ्नो छनौटको औषधी पसलमा जानुहोस् र आफ्नो टोकन प्रस्तुत गर्नुहोस्। उनीहरूले टोकन स्क्यान गर्नेछन् र तपाईंलाई औषधी प्रदान गर्नेछन्। यदि तपाईंको प्रेप्स्क्रिप्शनमा दोहोर्याउनुपर्छ भनेको छ भने, तपाईंको औषधी पसलले तपाईंले अर्को पटक दोहोर्याउनको लागि तपाईंलाई नयाँ टोकन पठाउनेछ।

समय बचत गर्न, तपाईंले आफ्नो टोकन सङ्कलनको लागि तयार गर्न वा तपाईंको घरमा पुर्याउन यसलाई सिधै औषधी पसलमा पठाउन सक्नुहुन्छ (यदि यो सेवा उपलब्ध छ भने)।

## कसैले मेरो तर्फबाट के मेरो औषधी संकलन गर्न सक्छ?

सक्छ, तपाईंले आफ्नो टोकन विश्वसनीय साथी/परिवारको सदस्य/हेरचाहकर्तालाई पठाउन सक्नुहुन्छ र उनीहरूले तपाईंको तर्फबाट तपाईंको औषधी सङ्कलन गर्न सक्छन्।

## मैले गल्तीले यदि मेरो विद्युतीय प्रेस्क्रिप्शन हराएँ वा मेटाएँ भने के हुन्छ?

तपाईंले यदि गल्तीले आफ्नो विद्युतीय प्रेस्क्रिप्शन टोकन भएको एसएमएस (SMS) वा इमेल हराउनुभयो वा मेटाउनुभयो भने, तपाईंले यसलाई पुनः पठाउन अनुरोध गर्न सक्नुहुन्छ। मूल प्रिस्क्रिप्शनहरूका लागि, प्रेस्क्रिप्शन दिने व्यक्तिलाई सम्पर्क गर्नुहोस्। दोहोर्याउनको लागि, दोहोर्याउन जारी गर्ने औषधी पसललाई सम्पर्क गर्नुहोस्।

## सक्रिय लिपि सूची के हो?

सक्रिय लिपि सूची तपाईंको विद्युतीय प्रेप्स्क्रिप्शनहरूको डिजिटल सूची हो। यदि तपाईं धेरै औषधिहरू लिनुहुन्छ भने यो एक सुविधाजनक विकल्प हुन सक्छ।

## सक्रिय लिपि सूचीका फाइदाहरू के के हुन्?

- अब तपाईंले धेरै विद्युतीय प्रेस्क्रिप्शन टोकनहरूको याद गरिराख्न आवश्यक छैन।
- अष्ट्रेलियाका धेरैजसो औषधी पसलहरूको अब सक्रिय लिपि सूचीमा पहुँच छ र तपाईंले उनीहरूलाई सहमति दिनुभएको खण्डमा तपाईंको औषधिहरू वितरण गर्न सक्छन्।
- सक्रिय लिपि सूचीले तपाईंको डाक्टर र औषधी पसलेलाई तपाईंका औषधीहरू सजिलैसँग व्यवस्थापन गर्न मद्दत गर्दछ।
- यदि तपाईंको औषधी पसलले घरसम्मै पुर्याइदिने प्रस्ताव राख्छन् भने, तपाईंले आफ्ना औषधीहरू प्राप्त गर्न आफ्नो घरबाट निस्किन नै आवश्यक छैन।

## म कसरी सक्रिय लिपि सूची प्राप्त गर्न सक्छु?

- तपाईंको सूची स्थापना गर्न, मोबाइल फोन र १०० प्वइन्टको पहिचान सहित तपाईंको औषधी पसलमा जानुहोस् १०० प्वइन्टको पहिचान (PDF, 83.08 KB)।
- तपाईंले दर्ता गरिसकेपछि, तपाईंले प्राप्त गर्ने कुनै पनि विद्युतीय प्रेस्क्रिप्शन स्वत: तपाईंको सक्रिय लिपि सूचीमा थपिनेछ। तपाईं आफ्नो डाक्टरसँग कुरा गरेर केही औषधीहरूका लागि थप्न नसक्ने छनौट गर्न सक्नुहुन्छ।
- यदि तपाईंले छनौट गर्नुभयो भने टोकनको लिङ्क सहित एसएमएस वा इमेल पनि तपाईंले प्राप्त गर्न सक्नुहुन्छ।

जब तपाईं आफ्नो औषधी पसलमा जानुहुन्छ, उनीहरूलाई तपाईंको सक्रिय लिपि सूचीमा पहुँच गर्न र तपाईंको औषधि वितरण गर्न भन्नुहोस्।

## थप स्रोतहरू

विद्युतीय प्रेस्क्रिप्शनहरू वेबपेज: https://www.digitalhealth.gov.au/electronic-prescriptions

विद्युतीय प्रेस्क्रिप्शनहरू र सक्रिय लिपि सूची अनलाइन सिकाइ:
https://training.digitalhealth.gov.au/mod/page/view.php?id=961

अष्ट्रेलियाली डिजिटल स्वास्थ्य निकाय सम्पर्क फाराम: www.digitalhealth.gov.au/contact-us

### अनुवाद र दोभाषे सेवा

१३१ ४५०

www.tisnational.gov.au/Help-using-TIS-National-services/Contact-TIS-National

### राष्ट्रिय रिले सेवा

१३०० ५५५ ७२७

www.accesshub.gov.au